नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४ — नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

**प्रधान कार्यालय**
**कर्जा असुली विभाग**

## ऋणी श्री राम सुगर मिल्स लिमिटेडसँग सम्बन्धित मिल-मेशिनरी बोलकबोल लिलाम बिक्री गरिने बारेको सहवित्तीयकरण बैंकहरुको तर्फबाट नेपाल बैंक लिमिटेडले जारी गरेको ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०२/३२)

रौतहट जिल्ला, साबिक महम्मदपुर गा.वि.स. वडा नं. ४, गरुडा हाल गरुडा नगरपालिका वडा नं. ६, महम्मदपुर स्थित उद्योग विभागमा दर्ता नं. ९९७७०-०४/०५० अर्न्तगत मिति २०४९/०४/१३ मा दर्ता भएको श्री राम सुगर मिल्स लिमिटेड, रजिष्टर्ड कार्यालय गोल्छा हाउस, गणबहाल, काठमाण्डौंले सहवित्तीयकरण कर्जा अर्न्तगत अगुवा बैंक नेपाल बैंक लिमिटेड तथा सहभागी बैंकहरु राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कर्मचारी सञ्चयकोष, हिमालयन बैंक लिमिटेड र नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड (हाल नेपाल इन्भेष्टमेण्ट मेगा बैक लिमिटेड) समेतबाट विभिन्न कर्जा शिर्षकमा लिएको रकमको लेनदेन सम्बन्धी लिखतमा उल्लेखित भाखाभित्र बुझाउनुपर्ने साँवा, र सोमा लागेको ब्याज/हर्जना समेत नबुझाई शर्त बन्देज पालना नगरेको र कर्जा लिखतको शर्त बन्देज उल्लंघन गरेको हुँदा सहभागी बैंक तथा वित्तीय संस्थालाई लेखिदिएको सुरक्षण पारिपासु तमसुकमा उल्लेख गरिएको शर्त बन्देज र सहभागी बैंक तथा वित्तीय संस्थालाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी पारिपासु तमसुकमा उल्लेख गरे बमोजिम तथा कम्पनीको नाममा पछि थप भएका मिलमेशिनरी जे-जस्तो अवस्थामा छ सोही अवस्थामा सहवित्तीयकरण आफैंले लिलाम बिक्री गर्ने भएकोले उक्त लिलाममा डाँक बढाबढ गरिलिन चाहने ईच्छुक महानुभावहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३६औं दिन (अर्थात मिति २०८०/०४/०४ गते) उक्त दिन विदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन दिउसो १:०० बजे यस बैंकको कर्जा असुली विभागमा उपस्थित भई आफुले सकार गर्न चाहेको मूल्यमा बोल-कबोल गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिले कबोल गरेको रकमको १० प्रतिशत रकम नगदै वा कम्तिमा ३ (तीन) महिनाको म्याद भएको सहवित्तीयकरणमा सहभागी बैंकहरु (नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, हिमालयन बैंक लिमिटेड र नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड) बाहेक अन्य बैंकको जमानत पत्र वा *Managers Cheque/Good for Payment Cheque* धरौटी स्वरुप तत्कालै सोहीदिन बैंकमा जम्मा गर्नुपर्नेछ । बोलकबोल स्वीकृत रकममै बैंकले धितो सुरक्षण दिने निर्णय गरेमा त्यसको सूचना दिएको ३५ दिन भित्र कबोल गरेको रकमको बाँकी सम्पूर्ण रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापतको रकम जफत हुनेछ । कबोल मूल्यमा लिलाम बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सहवित्तीयकरणमा सुरक्षित रहनेछ । उल्लेखित सुरक्षण (मिल मेशिनरी)को बारेमा थप जानकारी चाहिएमा कार्यालय समयभित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा असुली विभागमा र स्थलगत निरिक्षणको लागि नेपाल बैंक लिमिटेड, चन्द्रनिगाहपुर शाखामा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ ।

**तपसिल**

| बोलकबोल हुने कार्यालय | सम्पत्तिको विवरण | न्यूनतम मूल्य रु. |
|---|---|---|
| नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा असुली विभाग, धर्मपथ, काठमाण्डौं | रौतहट जिल्ला, साबिक महम्दपुर गा.वि.स. वडा नं. ४, गरुडा (हाल गरुडा नगरपालिका वडा नं. ६, महम्दपुर) स्थित श्री राम सुगर मिल्स लिमिटेड (दर्ता नं. ९९७७०-०४/०५० मिति २०४९/०४/१३) को उद्योग परिसरमा रहेका सम्पूर्ण मिल-मेशिनरीहरु । | ३८,००,११,७५५/८६ (अक्षरुपी अठतीस करोड एघार हजार सात सय पचपन्न र पैसा छयासी मात्र ) |